केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/०२/०८१/८२

मितिः २०८१/०५/३०

## सूचना

**सम्पूर्ण सरोकारवाला निकायहरु,**

यस बैंकबाट बैंक तथा वित्तीय संस्थामा खोलिएको खाता रोक्का राख्न तथा त्यसरी रोक्का रहेका खाता फुकुवा गर्ने सम्बन्धी व्यवस्थालाई थप स्पष्ट, पारदर्शी र व्यवस्थित गर्न तयार गरिएको **"बैंक खाता रोक्का तथा फुकुवासम्बन्धी विनियमावली, २०८१"** जारी गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ।

**भवदीय,**

**कार्यकारी निर्देशक**

# बैंक खाता रोक्का तथा फुकुवासम्बन्धी विनियमावली, २०८१

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं

# बैंक खाता रोक्का तथा फुकुवासम्बन्धी विनियमावली, २०८१

बैंक खाता रोक्का राख्न तथा रोक्का रहेका बैंक खाता फुकुवा गर्ने सम्बन्धी व्यवस्थालाई थप स्पष्ट, पारदर्शी र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११० को प्रयोजनको लागि नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा ११० को उपदफा (२) को खण्ड (ण) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिबाट यो विनियमावली तर्जुमा गरी लागू गरिएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यो विनियमावलीको नाम "बैंक खाता रोक्का तथा फुकुवासम्बन्धी विनियमावली, २०८१" रहेको छ ।

(२) यो विनियमावली मिति २०८१/०६/०१ देखि लागु हुनेछ । *

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा -

(क) "राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनुपर्छ ।

(ख) "इजाजतपत्रप्राप्त संस्था" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम वित्तीय कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्था र पूर्वाधार विकास बैंक सम्झनुपर्छ ।

(ग) "खाता" भन्नाले कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतपत्रप्राप्त संस्थामा खोलेको जुनसुकै प्रकारको निक्षेप तथा कर्जा खाता सम्झनुपर्छ ।

(घ) "सम्पूर्ण खाता रोक्का" भन्नाले इजाजतपत्रप्राप्त संस्थाहरूमा खोलिएका जुनसुकै खाताबाट रकम झिक्न वा कुनै माध्यमले कोही कसैलाई भुक्तानी दिन नसक्ने गरी गरिएको खाता रोक्का सम्झनुपर्छ ।

(ङ) "निश्चित खाता रोक्का" भन्नाले कुनै इजाजतपत्रप्राप्त संस्थामा खोलिएका निश्चित खाताबाट रकम झिक्न वा कुनै माध्यमले कोही कसैलाई भुक्तानी दिन नसक्ने गरी गरिएको खाता रोक्का सम्झनुपर्छ ।

(च) "आंशिक खाता रोक्का" भन्नाले खातामा रहेको रकममध्ये निश्चित रकममात्र रोक्का रहने र खातावालाले बाँकी रकम यथावत् रूपमा प्रयोग गर्न सक्ने गरी गरिएको खाता रोक्का सम्झनुपर्छ ।

---

* नेपाल राष्ट्र बैङ्कको सञ्चालक समितिको मिति २०८१।०५।१३ को १५/२०८१ औं बैठकबाट स्वीकृत भई लागु भएको ।

(छ) “कसुर” भन्नाले प्रचलित कानुनबमोजिम नेपाल सरकार वादी हुने फौजदारी कसुर सम्झनुपर्छ ।

(ज) “अधिकारप्राप्त अधिकारी” भन्नाले प्रचलित कानुनको अधीनमा रही कुनै इजाजतपत्रप्राप्त संस्थामा रहेको खाता रोक्का गर्न तथा कसुरको अनुसन्धान तथा तहकिकात गर्न प्रचलित कानुनबमोजिम तोकिएको अधिकारप्राप्त अधिकारी सम्झनुपर्छ ।

३. **खाता रोक्का वा फुकुवासम्बन्धी प्रक्रियाः** (१) प्रचलित कानुनको अधीनमा रही कुनै इजाजतपत्रप्राप्त संस्थामा रहेको खाता रोक्का गर्नको लागि अधिकारप्राप्त अधिकारीले सो कानुनको व्यवस्था स्पष्ट उल्लेख गरी देहायबमोजिमको व्यहोरा खुलाई राष्ट्र बैंकसमक्ष लिखित रूपमा अनुरोध गरेमा राष्ट्र बैंकले इजाजतपत्रप्राप्त संस्थालाई अविलम्ब खाता रोक्का गर्न निर्देशन दिनेछ ।

(अ) प्राकृतिक व्यक्ति भएमा

क) खाता रोक्का गर्नुको स्पष्ट कारण ।

ख) खातावालाको नागरिकता, पासपोर्ट, राष्ट्रिय परिचयपत्र, वा अन्य यस्तै प्रकारको नेपाल सरकारले जारी गरेको निजको स्पष्ट परिचय खुल्ने आधिकारिक विवरण तथा निजको तीनपुस्ते विवरण ।

(आ) कानुनी व्यक्ति भएमा

क) खाता रोक्का गर्नुको स्पष्ट कारण ।

ख) फर्म, कम्पनी तथा संस्थाको खाता रोक्का गर्नुपर्दा खातावालाको आधिकारिक नाम, ठेगाना, दर्ता नम्बर र स्थायी लेखा नम्बर ।

(इ) कुनै निश्चित खाता मात्र रोक्का राख्नुपर्ने अवस्थामा रोक्का राख्नुपर्ने खाताको खाता नम्बर र खाता रहेको बैंकको विवरण ।

(ई) आंशिक खाता रोक्का राख्नुपर्ने भएमा रोक्का राख्नुपर्ने खाताको खाता नम्बर, रोक्का राख्नुपर्ने रकम (अक्षर र अङ्कमा) र खाता रहेको बैंकको विवरण ।

तर प्रचलित कानुनमा खाता रोक्का गर्ने सम्बन्धी स्पष्ट व्यवस्था नभएको अवस्थामा वा अधिकार प्राप्त अधिकारीबाहेकका अन्य व्यक्तिबाट आएका पत्रका आधारमा खाता रोक्कासम्बन्धी प्रक्रिया अघि बढाउन राष्ट्र बैंक बाध्य हुने छैन ।

(२) प्रचलित कानुनबमोजिम कुनै कसुरको अनुसन्धानको सिलसिलामा अधिकारप्राप्त अधिकारीले राष्ट्र बैंकसमक्ष खाता रोक्का वा फुकुवाका लागि अनुरोध गर्नुपर्नेछ ।

(३) बैंक खाता रोक्का वा फुकुवाको लागि सम्बन्धित अधिकारप्राप्त अधिकारीले राष्ट्र बैंकमा पत्र पठाउँदा यथाशीघ्र प्राप्त हुने गरी तोकिएको ठेगानामा पठाउनुपर्नेछ । यस्तो पत्र इमेलमार्फत समेत पठाउन सकिनेछ ।

४. **<u>बैंक खाता फुकुवा गरिने</u>**: खाता रोक्का राख्न अनुरोध गर्ने निकायको अधिकारप्राप्त अधिकारीले आंशिक रोक्का रहेको खाता फुकुवा, निश्चित रोक्का रहेको खाता फुकुवा वा सम्पूर्ण रोक्का रहेको खाता फुकुवा गर्न अनुरोध गरेबमोजिम रोक्का रहेका खाता फुकुवा गर्न राष्ट्र बैंकले इजाजतपत्रप्राप्त संस्थालाई निर्देशन दिनेछ ।

तर, रोक्का रहेको खाता अदालतको आदेशबमोजिम फुकुवा गर्न इजाजतपत्रप्राप्त संस्थालाई राष्ट्र बैंकको निर्देशन अनिवार्य हुने छैन ।

५. **<u>इजाजतपत्रप्राप्त संस्थाको जिम्मेवारी</u>**: (१) यस विनियमावलीबमोजिम राष्ट्र बैंकले दिएको निर्देशन अविलम्ब पालना गर्नु एवम् विनियमावली कार्यान्वयनको लागि देहायको कार्य गर्नु इजाजतपत्रप्राप्त संस्थाको जिम्मेवारी हुनेछ ।

क) इजाजतपत्रप्राप्त संस्थाले सम्पूर्ण खाता रोक्का, निश्चित खाता रोक्का, आंशिक खाता रोक्का एवम् खाता फुकुवा गर्न राष्ट्र बैंकले दिएको निर्देशनबमोजिम अविलम्ब खाता रोक्का वा फुकुवा गरी खाता रोक्का वा फुकुवा भएको जानकारी तत्काल राष्ट्र बैंक र सम्बन्धित अनुसन्धान गर्ने अधिकारप्राप्त अधिकारीलाई गराउनुपर्नेछ ।

ख) राष्ट्र बैंकको निर्देशनबमोजिम आंशिक खाता रोक्का गर्नुपर्ने अवस्थामा इजाजतपत्रप्राप्त संस्थाले रोक्का गर्नुपर्ने खातामा तोकिएबमोजिमको रोक्का गर्नुपर्ने रकम नरहेको अवस्थामा खातामा उपलब्ध रकम रोक्का राखी पर्याप्त रकम नरहेको जानकारी राष्ट्र बैंक र सम्बन्धित अनुसन्धान गर्ने अधिकारप्राप्त अधिकारीलाई गराउनुपर्नेछ ।

ग) अदालतको आदेश भएकोमा वा सम्बन्धित निकायको अनुरोधबमोजिम राष्ट्र बैंकको निर्देशन भएकोमा बाहेक इजाजतपत्रप्राप्त संस्थाले रोक्का रहेको खाताबाट कुनै किसिमले रकम भुक्तानी, हस्तान्तरण, कट्टी एवम् रकमान्तर गर्न पाउने छैन ।

घ) सम्पूर्ण खाता रोक्का राख्न निर्देशन प्राप्त भएमा इजाजतपत्रप्राप्त संस्थाले सम्बन्धित व्यक्ति, फर्म, कम्पनी तथा संस्थाको नयाँ खाता खोल्न पाउने छैन ।

ङ) खाता रोक्कासम्बन्धी जानकारी वा सूचना सो कार्यमा संलग्न कर्मचारी तथा इजाजतपत्रप्राप्त संस्थाको व्यवस्थापकले गोप्य राख्नुपर्नेछ ।

च)	तत्कालीन समयमै (Real Time) खाता रोक्का तथा फुकुवासम्बन्धी कार्य गर्नको लागि इजाजतपत्रप्राप्त संस्थाले उपयुक्त प्रणाली तथा प्रक्रियाको व्यवस्था गर्नुपर्नेछ ।

**६. खाता रोक्कासम्बन्धी विशेष व्यवस्था:**

(१) इजाजतपत्रप्राप्त संस्थाहरूको खाता रोक्का हुने छैन ।

(२) भुक्तानी सेवा प्रदायक संस्थाको सेटलमेन्ट प्रयोजनका लागि इजाजतपत्रप्राप्त संस्थामा रहेको खाता रोक्का हुने छैन ।

तर अल्पकालीन वा दीर्घकालीन रूपमा संस्था सञ्चालनमा नरही बन्द हुने अवस्था आएमा वा राष्ट्र बैंकले कारबाही गरी खाता रोक्का गर्नुपर्ने अवस्था देखिएमा वा अनुसन्धान गर्ने अधिकारीले कारणसहित राष्ट्र बैंकसमक्ष अनुरोध गरेको अवस्थामा सोको औचित्य विश्लेषण गरी उपविनियम (१) र (२) मा उल्लिखित उपर्युक्तबमोजिमको संस्थाको खाता रोक्का गर्न भने बाधा पुगेको मानिने छैन ।

(३) कुनै कर्मचारीसँग सम्बन्धित विषयका कारण सम्बन्धित संस्थाको सम्पूर्ण खाता रोक्का गर्ने गरी अनुरोध गर्नुपर्ने भएमा खाता रोक्का गर्नु अघि निश्चित वा आंशिक खाता रोक्का गर्न मिल्ने वा नमिल्ने यकिन गरी सम्पूर्ण खाता रोक्का गर्दा संस्थाको व्यावसायिक निरन्तरतामा पर्ने प्रभाव, अन्य कर्मचारी तथा सरोकारवालालाई पर्ने प्रभाव र सम्बन्धित संस्थाको उक्त कर्मचारीप्रतिको दायित्व रकमसमेत खुलाई विवरण पेस गर्नुपर्ने छ । उक्त अनुरोधका सम्बन्धमा राष्ट्र बैंकले निश्चित वा आंशिक खाता रोक्का राख्न उपयुक्त देखेमा कर्मचारीप्रतिको दायित्व बराबरको रकम रोक्का राख्ने गरी इजाजतपत्रप्राप्त संस्थाहरूलाई निश्चित वा आंशिक खाता रोक्का राख्न निर्देशन दिन सक्नेछ ।

**७. खाता रोक्का वा फुकुवा गर्ने अधिकार:** खाता रोक्का वा फुकुवा गर्ने अधिकार राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागलाई हुनेछ र विभागका कार्यकारी निर्देशकले तोकेको अधिकारप्राप्त अधिकृतस्तरका कर्मचारीले सोसम्बन्धी निर्देशन दिन सक्नेछन् ।

**८. स्वचालित प्रणालीसम्बन्धी व्यवस्था :** (१) राष्ट्र बैंकले खाता रोक्का वा फुकुवासम्बन्धी अनलाइन प्रणाली विकास गरी सो सम्बन्धमा आवश्यक निर्देशन जारी गर्न सक्नेछ ।

(२) राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त संस्था तथा प्रचलित कानुनबमोजिम खाता रोक्का वा फुकुवा गर्न अधिकारप्राप्त अधिकारीले राष्ट्र बैंकले विकास गरेको अनलाइन प्रणालीमार्फत खाता रोक्का वा फुकुवाको निवेदन दिन सक्नेछ ।

**९. अन्य:** (१) कुनै कसुरको अनुसन्धान गर्ने अधिकारप्राप्त अधिकारीले कुनै व्यक्ति, फर्म, कम्पनी तथा संस्थाको खाता विवरण माग गर्नु परेमा राष्ट्र बैकमार्फत माग गर्नुपर्नेछ ।

(२) इजाजतपत्रप्राप्त संस्थामा खाता रोक्का रहेको ग्राहकले आफ्नो खाता रोक्का रहेको कारण सम्बन्धमा सूचना माग गरेमा इजाजतपत्रप्राप्त संस्थाले त्यस्तो सूचना उपलब्ध गराउनु पर्नेछ ।

(३) कुनै कसुरको अनुसन्धान गर्ने अधिकारप्राप्त अधिकारीले कुनै ग्राहकको इजाजतपत्रप्राप्त संस्थामा रहेको सेफ डिपोजिट भल्ट/लकर रोक्का राख्नुपर्ने भएमा राष्ट्र बैंकसमक्ष अनुरोध गर्नुपर्नेछ ।

(४) यस विनियमावलीबमोजिम इजाजतपत्रप्राप्त संस्थामा रहेको खाता रोक्का वा फुकुवा, सेफ डिपोजिट भल्ट वा लकर रोक्का तथा बैंक खाताको विवरण मागसम्बन्धी निर्देशन राष्ट्र बैंकको वेबसाइटमा राखिने छ । उक्त वेबसाइटमा इजाजतपत्रप्राप्त संस्थाहरूको पहुँचका लागि युजर आइडी र पासवर्ड बैंक तथा वित्तीय संस्था नियमन विभागबाट प्रदान गरिनेछ ।

(५) इजाजतपत्रप्राप्त संस्थाले खाता रोक्का वा फुकुवासम्बन्धी तथ्याङ्क वा जानकारी तोकिएको माध्यमबाट राष्ट्र बैंकमा पठाउनु पर्नेछ ।

१०. **बाधा अड्काउ फुकाऊः** यस विनियमावलीमा लेखिएका कुनै कुरा कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गभर्नरले बाधा अड्काउ फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ ।